Scanned with CamScanner

# बुङ्गल नगरपालिका नगर कार्यपालिकाको पहिलो बैठक (बैठक संख्या १)

## २०७९/०२/१८

आज मिति २०७९ जेष्ठ महिनाको १८ गतेका दिन यस बुङ्गल नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री जय बहादुर धामी ज्यूको अध्यक्षतामा वसी तपसिलका उपस्थितिमा तपसिलका निर्णयहरु पारित गरिए ।

उपस्थितिः

| क.सं. | नाम, थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | जय बहादुर धामी | नगर प्रमुख | | |
| २ | धन बहादुर बोहरा | नगर उप-प्रमुख | | |
| ३ | कस्वा बोहरा | वडा नं. १ वडा अध्यक्ष | | |
| ४ | विरे धामी | वडा नं. २ वडा अध्यक्ष | | |
| ५ | धर्मराज जोशी | वडा नं. ३ वडा अध्यक्ष | | |
| ६ | गणेश बहादुर कार्की | वडा नं. ४ वडा अध्यक्ष | | |
| ७ | निराजन कुवँर | वडा नं. ५ वडा अध्यक्ष | | |
| ८ | राम बहादुर दयार | वडा नं. ६ वडा अध्यक्ष | | |
| ९ | टंक प्रशाद जोशी | वडा नं. ७ वडा अध्यक्ष | | |

| | | | | |
|---|---|---|---|---|
| १० | लोकेन्द्र बहादुर जाग्री | वडा नं. ८ वडा अध्यक्ष | | |
| ११ | हरिश सिँह | वडा नं. ९ वडा अध्यक्ष | | |
| १२ | प्रेम ओखेडा | वडा नं. १० वडा अध्यक्ष | | |
| १३ | लोक राज जोशी | वडा नं. ११ वडा अध्यक्ष | | |
| १४ | नारुली बोहरा धामी | कार्यपालिका सदस्य | | |
| १५ | टिका कुमारी धामी | कार्यपालिका सदस्य | | |
| १६ | धनसरा बोहरा पुजारा | कार्यपालिका सदस्य | | |
| १७ | दुर्गा देवी कुवँर | कार्यपालिका सदस्य | दुर्गा | |
| १८ | निर्मला देवी जोशी | कार्यपालिका सदस्य | | |
| १९ | जय बहादुर ताम्राकार | कार्यपालिका सदस्य | | |
| २० | सुरेश ओखेडा | कार्यपालिका सदस्य | | |
| २१ | काले कामी | कार्यपालिका सदस्य | कालेकामी | |
| २२ | देवराज जोशी | सदस्य सचिव (प्र. प्र. अ.) | | |

Scanned with CamScanner

आमन्त्रीतः

१. गजाधर सार्की (लेखा अधिकृत)
२. नैन बहादुर सिँह (स्वास्थ्य संयोजक)
३. अक्कल बहादुर बिष्ट (सहायक IT)
४. करन बहादुर धामी (सव ईन्जिनियर)
५. नरेश कुवँर (स्वास्थ्य सह-संयोजक)

निर्णय नं. १

स्थानीय तह सदस्य निर्वाचन २०७९ को निर्बाचन सम्पन्न गर्न भुमिका निर्वाह गर्नुहुने सम्पुर्ण मतदाता, आम बुङ्गलबासी जनता, निर्वाचनमा संलग्न सम्पूर्ण कर्मचारी, राजनितिक दल तथा बिभिन्न भात्री संगठनहरु, अन्य कर्मचारी, सुरक्षा कर्मी, शिक्षक, बुद्दिजिवी, नागरीक समाज, पत्रकार लगायत अन्य सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. २

आधारभूत तह स्वास्थ्य सेवा केन्द्र भवन निर्माणका लागि संघिय सरकारबाट बजेट विनियोजन भई आएकोले सम्वन्धित वडामा जग्गा (लालपूर्जा, दान, प्रति) प्राप्त भएको वडाहरुमा अविलम्ब निर्माण सुरुवात गर्ने र जग्गा (लालपूर्जा, दान, प्रति) प्राप्त नभएका वडाहरुमा समेत सबैको पाएक पर्ने स्थानमा निर्धारण गरी सर्वपक्षिय सहमति गरी निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय पारित गरियो । साथै टेन्डर प्रक्रिया अगाडी बढाउने समय कमी भएकोले वडा समितिको सर्वसम्मत निर्णयका आधारमा उपभोक्ता समितिबाट निर्माण कार्य अगाडी बढाउने र उपभोक्ता समितिबाट निर्माण कार्य अगाडी बढाउने कार्यपालिकाको निर्णयलाई नगरसभाको बैठकबाट अनुमोदन भएपश्चात मात्र प्रक्रिया अगाडी बढाउने निर्णय पारित गरियो ।

Scanned with CamScanner

निर्णय नं. ३

कोभिड-१९ को महामारीबाट अति विपन्न नागरिकलाई नगद हस्तान्तरण कार्यक्रमको व्यवस्थापन समिति तपसिल बमोजिम पुनर्गठन गर्ने निर्णय पारित गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| १. श्री धन बहादुर बोहरा | (नगर उप-प्रमुख) | संयोजक |
| २. श्री शुरेश ओखेडा | (कार्यपालिका सदस्य) | सदस्य |
| ३. श्री जय बहादुर कुवँर | (रोजगार संयोजक) | सदस्य |
| ४. श्री हर्क बहादुर बोहरा | (एम आई एस) | सदस्य |
| ५. श्री नरेश कुवँर | (स्वस्थ्य सह-संयोजक) | सदस्य सचिव |

निर्णय नं. ४

नगरपालिकाका सम्पूर्ण बिषयगत शाखा, सेवा केन्द्र, सेवा ईकाईहरु तथा अन्य कार्यालयहरुले आफ्नो शाखा, सेवा केन्द्र, सेवा ईकाई तथा अन्य कार्यालयको चालु आ. व. को प्रगति विवरण सहितको प्रतिवेदन पेश गर्ने/गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ५

बुङ्गल नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुका लागि यसै आ. व. देखी बिद्धुतिय हाजिरी (E-Attendance) परिक्षणका रुपमा संचालनमा ल्याउने र त्यसको नतिजा सकारात्मक देखिएमा पालिका भित्रका सबै सरकारी कार्यालयहरुमा बिद्धुतिय हाजिरी (E-Attendance) को ब्यवस्था गर्दै जाने निर्णय पारित गरियो ।

निर्णय नं. ६

बुङ्गल नगरपालिकामा खुल्ला मदिरा नियन्त्रण गर्न सबै वडाहरुले सो सम्वन्धमा आवस्यकता अनुसारको रणनिति अवलम्वनमा ल्याई कार्यान्वयन गर्ने भन्ने निर्णय पारित गरियो ।

Scanned with CamScanner

निर्णय नं. ७

बुङ्गल नगरपालिका अन्तर्गत खिरातडी स्वास्थ्य चौकीमा रहेको एम्बुलेन्स बिग्रिएको हुँदा उक्त एम्बुलेन्स मर्मत गर्न नगरपालिकाले मर्मत सम्भार समिति गठन गरी मर्मत सम्भार गर्ने भन्ने निर्णय पारित गरियो ।

निर्णय नं. ८

बुङ्गल नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक प्रत्येक महिनाको दोस्रो बुधवार यदि उक्त दिन बिदा परेमाको खण्डमा सो पश्चात कार्यालय खुलेकै दिन बस्ने निर्णय पारित गरियो ।

Scanned with CamScanner